# नीलकण्ठ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**धादिङ्वेसी, धादिङ**

**३ नं. प्रदेश, नेपाल**

प्रथम पटक सूचना प्रकाशन मिति :– २०७५।०५।२९

**विषयः– नगर प्रहरीको सेवा करारमा उपलब्ध गराउने सम्वन्धि सूचना !**

यस नगरपालिकाको तेस्रो नगर सभावाट ४ वटा नगर प्रहरीको दरवन्दी सृजना भएको हुदाँ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (क) को वुदाहरुमा तोकिएको कार्यका लागि सेवा उपलब्ध गराउन ईच्छुक सुरक्षा सम्वन्धी सेवा पूर्ति गर्न इजाजत प्राप्त संस्था/निकायले प्रस्ताव पेश गर्नु हुन यो १५ दिने सूचना प्रकाशन गरिएको छ ।

प्रस्ताव साथ खुलाउनु पर्ने विषयहरु :

१. उपलब्ध गराउने नगर प्रहरीको उमेर, शारिरीक तन्दुरुस्ती,अनुभव, तालिम र अन्य योग्यता सहितको विवरण ।

२. प्रति व्याक्ति मासिक पारिश्रमिकको स्केल ।

३. ड्रेस कोड, नगर कार्यपालिका कार्यालयले तोके वमोजिम हुन मञ्जुरीको विषय वा वैकल्पिक विषय ।

४.प्रति व्यक्ति दैनिक सेवा दिने समय अवधि ।

सर्तहरु :–

१. प्रस्ताव साथ रु ४०००।– शुल्क (फिर्ता नहुने गरि) वुझाउनु पर्ने छ । मिति २०७५/६/१२ गते दिनको ३०:०० वजे भित्र प्रस्ताव दर्ता गरिसक्नु पर्ने छ ।

२. सुरक्षाकर्मी उपलब्ध गराउन पाउने इजाजत र नियमानुसारका अन्य कागजात, संस्था नविकरण, कर चुक्ता प्रमाणपत्रका प्रतिलिपि संलग्न गर्नु पर्ने छ ।

३. उपलब्ध गराइएका व्यक्ति नगरकार्यपालिकाको अटन,खटन ,निर्देशन र समन्वयनमा रहि अनुशासित तवरले सेवा दिने हुनु पर्ने छ । कुनै खास व्यक्तिको सेवा सन्तोषजनक नभएमा तुरुन्त सट्टा दिने व्यवस्था हुनु पर्ने छ ।

४. उमेर १८ बर्ष पुरा भएका र ४५ वर्ष ननाघेका हुनु पर्ने छ ।

५. यस अनुसार गरिने करारको अवधि हाललाई २०७६ असार मसान्त सम्मका लागि हुने छ ।

६. स्थानीय ठेगाना भएका व्यक्तिवाट सेवा दिने प्रस्तावकले ग्राह्यता पाउन सक्ने छ ।

७. स्वीकृत हुने प्रस्तावकले प्रस्ताव स्वीकृतीको जानकारी पाएको मितिले ७ दिन भित्र सेवा आपूर्ति गर्नु पर्ने छ ।

८. प्राप्त हुने प्रस्ताव स्वीकृत गर्ने, नगर्ने नगरकार्यापालिका कार्यालयको निर्णय मान्य हुने छ ।

९. यस संग सम्वन्धित अन्य विषय प्रचलित कानुन वमोजिम हुने छ ।

सदस्य–सचिव
पदपूर्ति समिति
नीलकण्ठ नगरकार्यापालिका कार्यालय, धादिङ